आज मिति २०७४।११।१३ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | | अध्यक्ष |
| श्री धनी कुमारी खत्री | | उपाध्यक्ष |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, २ | सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, ३ | सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, ४ | सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, ५ | सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, ६ | सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, ७ | सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, ८ | सदस्य |
| श्री महावीर वली | ,, ,, ,, ९ | सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय:-

नं. १. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १९ (१) बमोजिम सभा वर्षमा २ पटक बस्ने व्यवस्था भएकोले यस वर्षको द्वोश्रो सभा २०७४।११।२९ गतेका दिन गाउपालिकाको सभा कक्षमा बस्ने निर्णय गरियो ।

नं. २. यस गाउपालिका अन्तरगत वडा नं. २ को सडक कोलो पत्रे गर्नको लागी रु. १४०००००। बजेट विनियोजन भएको उक्त कार्य गोप्य शिलबन्दि बोलपत्र द्वारा गर्नु गराउनु पर्ने भएकोमा प्रचलित ऐन कानुन बमोजिम गोप्य शिलबन्दि बोलपत्र द्वारा योजनाहरु कार्यान्वयण गर्दा गोप्य शिलबन्दि टेण्डर तथा बिद्युतिय माध्यम द्वारा बोलपत्र (इ-विडिङ) दुबै प्रकृया अपनाउनु पर्नेमा हाल यस गाउपालिकाको वयवसाइड नभएको, भरपर्दो नेटवर्क पनी नभएको र दक्ष जनशक्ति को कमी भएको कारणले विद्युतिय माध्याम द्वारा बोलपत्र दर्ता गर्न नसकिने अवस्था आएकोले गोप्य शिलबन्दि टेण्डर (हार्ड कपी) बाट मात्र ठेक्का पट्टाको कार्य अगाडी बढाउने निर्णय गरियो ।

नं. ३. पूजिगत सुधार खर्च सार्वजनिक निर्माण ( गाउपालिका स्तरिय ) मा विनियोजन भएको बजेट मध्ये बाट निम्न योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

क. वडा नं. ७ लालपुर चौताराको मर्मत गर्ने कार्यको लागी रु. २०००००।

ख. वडा नं. २ लक्ष्मी मा.वि. मधुईको पर्खाल निर्माणको लागी रु. २०००००।

गं वडा नं. ७ पहारीपुर को परिवर्तनसिल सहकारी संस्थाको पूर्वाधार विकास रु. ३०००००।

नं. ४. यस गाउपालिका अन्तरगत वडा नं. ४ को गोजरानालामा पुल निर्माणको लागी रु. ३२०००००। बजेट विनियोजन भएकोमा उक्त पुलको विस्तृत सर्भेक्षण प्रतिवेदन तयार गर्नु पर्ने र सो कार्य गर्नको लागी गाउपालिकामा दक्ष जनशक्ति नभएकोले सो कार्य परामर्शदाता बाट तयार गर्ने निर्णय गरियो ।

नं. ५. यस गाउपालिकाको धेरै भूभाग वर्षा याममा डुवानमा परि ठुलो मात्रामा धन जनको क्षति हुने गरेको हुँदा सो लाई न्यूनिकरण गर्न तराई भूपरिधि (ताल) बाट यस गाउपालिकाको वडा नं. ३ मा आपत्तकालिन सेल्टर निर्माण गरि दिने भएको र सो सेल्टरको नक्सा, डिजाइन र स्टमेट गाउपालिकाका बाट गरि दिनु पर्ने भएकोले सो कार्य सेवा प्रदायक संस्थाबाट गराउने निर्णय गरियो ।

नं. ६. राप्ती सोनारी गाउपालिका २ नं. वडा कार्यालयको च.नं. ७०८ मिति २०७४।११।३ को पत्रबाट उक्त वडामा गिफ टु एसिया प्रोजेक्ट अन्तरगत सेभ द चिल्ड्रन तथा बाँके यूनेस्को कल्व बाट संचालन हुने निम्न योजनाहरु छनौट गरि अनुमोदनको लागी पठाएकोले उक्त योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

क. होन्द्राखोला तट्बन्ध

खं लक्ष्मी मा.वि. नजिक तट्वन्ध

ग. खोरिया तट्वन्ध १

घ. खोरिया तटबन्ध २

ङ. माथेबास तटबन्ध

पतरी

च. परुवाखोला तटवन्ध

नं. ७. मिति २०७४।४।२७ गते आएको बर्षाको कारणले बाढी आई क्षती ग्रस्त भएका निम्न खोलाका पुल पुलेसा, कज वे पुनः निर्माण को लागी आवश्यक पर्ने बजेट स्थानीय विकास तथा सामान्य प्रशासन मन्त्रालयमा माग गरि पठाउने निर्णय गरियो ।

क. वडा नं. ४ को मोरङ्गाखोला नयाँबस्ति कज वे

ख. वडा नं. २ को गौरीखोला पुल

ग. वडा नं. ५ को धुमैयाखोला कज वे

घ. वडा नं. ९ को चुकेनालापुल

नं. ८. यस गाउपालिकाका निम्न कार्यक्रमहरु कार्यान्वयण गर्नको लागी निम्न सघ संस्थाहरुले प्रस्तावना पेस गरेकोले उक्त प्रस्तावनाहरुलाई स्विकृत गरि कार्यक्रम संचालनको लागी सम्झौता गर्ने निर्णय गरियो ।

क. यूवा आत्मनिर्भर कार्यक्रम रु. १०००००० । संमृद्ध बचत तथा ऋण सहकारी संस्था लि. राप्ती सोनारी ३ भवनियापुर

ख. सहकारी सहयोग कार्यक्रम रु. ५००००० । राप्ती सोनारी गाउपालिका स्तरिय सहकारी संजाल

ग. यूवा खेलकुद पूर्वाधार कार्यक्रम रु. २७५००० । राप्ती सोनारी यूथ अर्गनाइजेशन नेपाल

घ. मूक्त कमलरी तथा महिला आय आर्जन/क्षमता विकास रु. ५००००० । मूक्त कम्लरी विकास मञ्च

पतरी